पाख्रीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

प.सं.: २०८२।०८३
च.नं.: ४८६

कोशी प्रदेश, नेपाल

मिति : २०८२।६।८

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
श्री स्वास्थ्य चौकी (सबै),
श्री पाख्रीबास आधारभूत अस्पताल,
श्री आ.स्वा.के. (सबै),
पाख्रीबास नगरपालिका, धनकुटा ।

उपर्युक्त पाख्रीबास नगरपालिकाको मिति २०८२।६।८ गते नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङको अध्यक्षतामा नगरपालिकाको पदाधिकारीहरु र धनकुटा जिल्लाको जेन जी समूहको प्रतिनिधि एवं जेन जी आन्दोलनको क्रममा सहिद भएका परिवारको उपस्थितिमा भएको विशेष बैठकको नि.नं. ३ मा देहायको निर्णय भएकोले सोको कार्यान्वयनको लागि पत्राचार गरिएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

देहायः

जेनजी समूह धनकुटाबाट वर्तमान परिप्रेक्ष्यमा सेवा प्रवाहमा सुशासन, भ्रष्टाचार नियन्त्रण र नागरिक मैत्री शासन हुनु पर्ने सम्बन्धमा यस नगरपालिकामा पेश भएको माग-पत्र जेनजी समूहका संयोजक श्री सिरज जोशी ज्यूबाट प्रस्तुती भयो । उक्त मागको कार्यान्वयन सम्बन्धमा नगर कार्यपालिकाको निर्णय अनुसार कार्यान्वयन गर्दै जाने र हाललाई निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।

१. नगरपालिका तथा मातहतका कार्यालयबाट प्रदान गरिने सेवा र सो को सेवा शुल्क तथा सेवा लिने प्रक्रियाको सम्बन्धमा नगर कार्यपालिकाको कार्यालय तथा सबै मातहत कार्यालयहरुमा नागरिक वडापत्र राख्ने,
२. सेवा प्रदान गर्दा ज्येष्ठ नागरिक, अशक्त, गर्भवति महिला, सुत्केरी महिला लगायतका व्यक्तिहरुको लागि पहिलो प्राथमिकता निर्धारण गरी सेवा प्रदान गर्ने,
३. सबै कार्यालयहरुमा नियमित रुपमा आधिकारिक जनप्रतिनिधिहरु र कर्मचारीहरु रिक्त नहुने व्यवस्था गर्ने,
४. प्रदान गरिएका सेवाहरु र योजना तथा कार्यक्रमको प्रगति मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने,
५. योजना तथा कार्यक्रमहरुमा जनसहभागिता वृद्धि गर्न योजना कार्यान्वयन पूर्व सार्वजनिक सूचना गरी नियमानुसार जनसहभागिताको लागि आह्वान गर्ने व्यवस्था मिलाउने,
६. नगरपालिका तथा मातहत कार्यालयहरुमा म.ले.प. प्रतिवेदनहरुबाट उल्लेखित बेरुजुको कारवाही अगाडि बढाउने,
७. नगरपालिकाबाट जनहितमा भएका निर्णयहरु सार्वजनिक गर्ने व्यवस्था मिलाउने,
८. सेवा प्रवाह तथा योजना र कार्यक्रमहरुको सन्दर्भमा भएको वा हुन सक्ने अनियमितता, ढिलासुस्ती तथा भ्रष्टाचारको विरुद्ध कार्यालय समयमा जुनसुकै बेला उजुरी वा गुनासो सुन्ने र लिने व्यवस्था मिलाउने,
९. नेपाल सरकारबाट परिवर्तित सन्दर्भमा जारी भएको निर्देशनहरु पालना तथा कार्यान्वयन गर्ने गराउने ।

२०८२।६।८

...........................
अनिस काफ्ले
निमित्त प्रमुख प्रशासकीय अधिकृत